नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोनः ९७७-१-४२००८३१, ४२००८३७
फ्याक्सः ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org


प.सं.

मितिः २०७५ भाद्र १० गते

# प्रेस विज्ञप्ती


केन्द्रीय कार्यसमिति
(२०७३-२०७६)

अध्यक्ष
शेर बहादुर के.सी.

उपाध्यक्ष
उषा मल्ल पाठक
मोतिराज गौतम
घनश्याम पन्त
शालिकराम सापकोटा
विनय सिंह
मदनकुमार खड्का
गंगाराम पाध्याय

महासचिव
खम्मबहादुर खाती

कोषाध्यक्ष
ज्ञानरत्न शाक्य

सचिव
इन्द्रबहादुर अधिकारी

सदस्य
ज्ञानेन्द्र प्रसाद अधिकारी
बिष्णु माया भुसाल
अरूण पौड्याल
पदमबहादुर शाही
कृष्णकुमार आङ्गदेम्बे
अस्मिन कुमार राई
लक्ष्मण आचार्य
हरिनारायण चौधरी
कृष्ण प्रसाद पनेरू
इन्दु कोइराला
मधुर पाठक
सान मैया महर्जन


मुलुकका विभिन्न भागमा घटेका घटनाहरु बलात्कार, सामुहिक बलात्कार, बलात्कार पछि हत्या र अपहरण लगायतका महिला हिंसाका विभिन्न घटनाहरुप्रति नेपाल बार एशोसिएशनको गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रकारका गम्भीर तथा अमानवीय घटनामा संलग्न दोषीलाई समयमा नै कानुनी दायरामा ल्याउन नसकेकोमा नेबाए चिन्ता व्यक्त गर्दछ ।

बलात्कार जस्तो गम्भीर प्रकृतिको अपराधका सम्बन्धमा नेपाल सरकारको तर्फबाट प्रभावकारी अनुसन्धान र अभियोजन हुन नसक्दा यस्ता घटनाहरु दिनानु दिन बढ्दै गइरहेको छ, सत्य, तथ्यपरक रुपमा अनुसन्धान गरी समयमा नै घटनामा प्राप्त भएका प्रमाण कागजहरु सङ्कन गर्ने र उक्त घटनामा संलग्न व्यक्तिलाई पक्राउ गरी कानून बमोजिमको सजायँ गर्ने गराउने सम्बन्धमा सम्बन्धित निकाय सँधै तत्पर रहनुपर्दछ । हालै कञ्चनपुरमा घटेको घटना र त्यसबाट सृजित बिवादको अन्त्य गरी वास्तविक दोषी पत्ता लगाई कानूनी प्रक्रिया अविलम्ब अगाडी बढाउन नेपाल बार एशोसिएशन माग गर्दछ ।

महिला हिंसा न्यूनीकरण तथा मानवअधिकारको संरक्षणका लागि नेपाल सरकार, सुरक्षा निकाय तथा सम्बन्धित निकायहरुलाई अति संवेदनशीलताका साथ आफ्नो कार्य सम्पादन गर्न समेत नेबाए सम्बद्ध सबै पक्षसँग अनुरोध गर्दै यस्ता घटनाहरुको सुक्ष्म रुपले छानविन तथा तथ्य एवं प्रमाण सङ्कलन तथा अभियोजन सम्बन्धी कार्यलाई बैज्ञानिकीकरण गर्दै प्रभावकारी बनाउन, व्यक्तिको मानव अधिकारको सम्मान र रक्षा गर्नका लागि नेपाल सरकार समक्ष आव्हान गर्दछौं ।

अधिवक्ता खम्मबहादुर खाती
महासचिव